"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

visit Nepal 2020 Lifetime Experiences

पत्र सङ्ख्या (Let.No) : ०७६/७७/ प्रशासन
चलानी नं. ( Ref.No) : १३२६

मिति (Date) २०७७/०३/२१

(छाप: पौवादुङमा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर, १ नं. प्रदेश, नेपाल)

विषय : सम्पत्ति विवरण बुझाउनेबारे ।

श्री पौवादुङमा गाउँ कार्यपालिकाका पदाधिकारीहरु, सबै
श्री पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारी सबै,
श्री पौवादुङमा गाउँपालिका वडा कार्यालयका पदाधिकारी तथा कर्मचारीहरु ६ वटै सबै,
श्री पौवादुङमा गाउँपालिकास्तरका मा. वि./आ. वि. ३४ वटै सबै,
श्री पौवादुङमा गाउँपालिका, स्वास्थ्य चौकी सबै ।

उपरोक्त सम्वन्धमा भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ५० (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग एन, २०४८ को दफा ३१ (क) र निजामती सेवा नियमावली २०५० को नियम ११८ बमोजिम प्रत्येक कर्मचारीहरु तथा सार्बजनिक पदधारण गरेका राजनैनिक पदाधिकारीहरुले समेत आर्थिक बर्ष समाप्त भएको ६० दिन भित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था भएको तर, मन्त्रालयको निर्णयको बुँदा नं. ४ मा " हुलाक मार्फत तोकिएको अवधिभित्र राष्ट्रिय किताबखानामा प्राप्त भएकोमा PIS प्रविष्ट गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन" भनी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं १५१२, मिति २०७७/०३/१६ को पत्रानुसार निर्णय भई आएको हुँदा २०७७ श्रावण मसान्तभित्र आ-आफ्नो सम्पत्ति विवरण यस कार्यालयको प्रशासन शाखामा बुझाउन हुन जानकारीको लागि अनुरोध छ ।

सम्पत्ति विवरण बुझाउने बन्दीखामको बाहिरी भागमा लेख्ने विवरणको ढाँचा

| | |
|---|---|
| कर्मचारीको संकेत नं. : | श्रेणी/तह : |
| नाम थर : | कार्यरत कार्यालय : |
| पद/दर्जा : | मोबाईल नं. : |
| सेवा/समुह : | ई-मेल ठेगाना : |

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :-
श्री सूचना तथा प्रविधि इकाई : Website मा upload गरिदिन हुन ।